# लेखक/सम्पादक परिचय

**लेखक**

मेवार विश्वविद्यालय, भारतबाट मिडिया र आमसञ्चारमा विद्यावारिधि शोधरत **अच्युत अर्याल** नेपाल इन्स्टिच्युट अफ म्यानेजमेन्ट एन्ड साइन्स (निम्स) कलेजमा अध्यापन गर्छन् ।

ढाका विश्वविद्यालयबाट पत्रकारिता, मिडिया र सञ्चारमा स्नातकोत्तर गरेका **इन्द्रध्वज क्षेत्री** इक्वेल एक्सेस नेपालमा सूचना अधिकृतका रूपमा कार्यरत छन् ।

रेडियो टीकापुर एफएमका स्टेसन म्यानेजर **एकिन्द्र तिमिल्सिना** नेपाल पत्रकार महासंघ कैलाली शाखाका सचिव हुन् ।

स्वतन्त्र ऊर्जा उत्पादक संघका महासचिव **कुमार पाण्डे** जलविद्युत् व्यवसायी हुन् ।

**कृष्ण अधिकारी** स्वतन्त्र अनुसन्धानकर्ता हुन् । उनको सह-लेखन र सह सम्पादनमा नेपाली मिडियासम्बन्धी विभिन्न पुस्तक प्रकाशित छन् ।

सहरीकरण, स्थानान्तरण, मिडिया र अनौपचारिक अर्थतन्त्रमा रुचि राख्ने **गौरव के.सी.** स्वतन्त्र अनुसन्धानकर्ता हुन् । उनले त्रिभुवन विश्वविद्यालयबाट मानवशास्त्रमा स्नातकोत्तर गरेका छन् ।

**पदमराज जोशी** *अन्नपूर्ण पोष्ट* दैनिकका वरिष्ठ समाचारदाता हुन् । स्वास्थ्य बिटमा रिपोर्टिङ गर्ने जोशी जया मल्टिपल कलेजमा पत्रकारिता विषय अध्यापन पनि गर्छन् ।

त्रिभुवन विश्वविद्यालयबाट ग्रामीण विकासमा स्नातकोत्तर गरेकी **मनिषा गौचन**का *फूलहरूको रङ्ग छैन* (२०६१) कविता संग्रह र *वल्लीको डायरी* (२०६३) उपन्यास प्रकाशित छन् ।

**रमेश राई**ले त्रिभुवन विश्वविद्यालयबाट भूगोलमा स्नातकोत्तर गरेका छन् । उनले सन् २००६ मा सामाजिक समावेशीकरण अनुसन्धान कोष (सिर्फ) मा रिसर्च एप्रिन्टिसको रूपमा काम गरेका छन् । हाल उनी मार्टिन चौतारी र सोसल साइन्स बहाःसँग आबद्ध रही विभिन्न विषयमा अनुसन्धान गर्दै छन् ।

करिब पाँच वर्ष पत्रिकाको हकरका रूपमा काम गरेका **लीलानाथ गौतम** *सिटी पोष्ट*, *नयाँ खबरकागज* हुँदै हाल *हिमालिनी* म्यागेजिनमा पत्रकारिता गर्छन् ।

**वात्स्यायन** कार्टुनिस्ट हुन् । सन् १९६० को दशकको मध्यबाट कार्टुन लेख्न सुरु गरेका वात्स्यायन हाल *कान्तिपुर र द काठमाण्डू पोष्ट*मा कार्टुन लेख्छन् ।

दुई दशकभन्दा लामो समयदेखि पत्रकारितामा सक्रिय **विनोद ढुङ्गेल**ले पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति र न्यूनतम पारिश्रमिक निर्धारण समितिमा सदस्य भएर काम गरेका थिए । उनको लेखन/सम्पादनमा मिडियालगायत विभिन्न विषयका आधादर्जन जति पुस्तक प्रकाशित छन् ।

**सीता भट्टराई**ले त्रिभुवन विश्वविद्यालयबाट ग्रामीण विकासमा स्नातकोत्तर गरेकी छन् । हाल उनी मार्टिन चौतारीमा शिक्षासम्बन्धी अनुसन्धानमा संलग्न छिन् ।

*कान्तिपुर* दैनिकका समाचार सम्पादक **हरिबहादुर थापा**ले पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर गरेका छन् । भ्रष्टाचारसम्बन्धी रिपोर्टिङमा रुचि राख्ने थापाको लेखन, सह-लेखन तथा सम्पादनमा आधा दर्जन पुस्तक प्रकाशित छन् ।

## सम्पादक परिचय

**अर्जुन पन्थी** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । उनको सह-लेखनमा *मिडिया तालिम : नेपाली अभ्यासको लेखाजोखा* (२०६७) प्रकाशित छ ।

मार्टिन चौतारीका अनुसन्धानकर्ता **देवराज हुमागाईं**को सह-लेखन र सह-सम्पादनमा मिडियासम्बन्धी आठओटा पुस्तक प्रकाशित छन् ।

**प्रत्यूष वन्त** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । *स्टडिज इन नेपाली हिस्ट्री एन्ड सोसाइटी* जर्नलका सम्पादक वन्तको लेखन, सम्पादन र सह-सम्पादनमा नेपाली मिडिया तथा अन्य विधासँग सम्बन्धित डेढ दर्जन बढी पुस्तक प्रकाशित छन् ।

**शेखर पराजुली** मार्टिन चौतारीका सदस्य हुन् । उनको लेखन, सह-लेखन, सम्पादन तथा सह-सम्पादनमा नेपाली मिडियाबारे नौओटा पुस्तक प्रकाशित छन् ।

**हर्षमान महर्जन** मार्टिन चौतारीमा आबद्ध अनुसन्धानकर्ता हुन् । उनको सह-सम्पादन तथा सह-लेखनमा तीनओटा पुस्तक प्रकाशित छन् ।

# मार्टिन चौतारी पुस्तकालयको अनुरोध

मिडियासम्बन्धी निश्चित विषयका सामग्रीहरूको व्यवस्थित संग्रह एकै स्थानमा छैन । त्यसैले मार्टिन चौतारीले आफ्नो ध्यान मिडियासम्बन्धी स्रोत सामग्रीहरूको संकलन र व्यवस्थापन गर्ने कार्यमा केन्द्रित गरेको छ । मिडियासम्बन्धी सकेसम्म धेरै भन्दा धेरै सामग्री संग्रह गरी व्यवस्थित किसिमले तिनको भण्डारण गर्ने र पाठक, सञ्चारकर्मी, अध्येता तथा अनुसन्धाताका लागि सर्वसुलभ बनाउन **मार्टिन चौतारी पुस्तकालय तथा मिडिया सेन्टर**को स्थापना भएको छ । यो पुस्तकालय २०६३ साउन २० देखि सर्वसाधरणका लागि खुला गरिएको हो ।

यहाँ अन्य विषयका अतिरिक्त मिडियासम्बन्धी पुस्तक, स्मारिका, जर्नल, म्यागेजिन, प्रतिवेदन, शोधपत्र, कार्यपत्र आदि संकलित छन् । २०६९ जेठ अन्त्यसम्म यस पुस्तकालयमा मिडियासम्बन्धी करिब ३ हजार ३१५ पुस्तकको संग्रह छ । नेपालभित्र र बाहिरको मिडियाबारे लेखिएका विश्लेषणमूलक तथा अनुसन्धानमूलक फुटकर लेखहरू १ हजार २९२, कार्यपत्र (सेमिनार पेपर) २७९, शोधपत्र १६६ तथा २२९ ओटा अप्रकाशित प्रतिवेदन यस पुस्तकालयमा संकलन भइसकेका छन् । त्यसबाहेक मिडियाबारे केही स्मारिका, केही जर्नल र म्यागेजिन, केही अडियो क्यासेटहरू पनि यहाँ संगृहीत छन् । अध्येता/अनुसन्धाताका लागि इन्टरनेट प्रयोगको सुविधा पनि यस पुस्तकालयमा निःशुल्क उपलब्ध छ ।

तपाईंसँग पनि मिडियाबारे ऐतिहासिक महत्त्वका यस्ता सामग्रीहरू (जस्तै : पुस्तक, स्मारिका, लेख, कार्यपत्र, शोधपत्र, जर्नल आदि) हुन सक्छन् । त्यस्ता सामग्रीहरू सार्वजनिक उपयोगका लागि यस केन्द्रलाई सहयोगस्वरूप उपलब्ध गराउनुभए हामी आभारी हुनेछौँ ।

**मार्टिन चौतारी पुस्तकालय तथा मिडिया सेन्टर**
२७ जीतजंग मार्ग, थापाथली, काठमाडौँ, नेपाल
पोस्ट बक्स १३४७०; फोन नं. ४२३८०५०, ४२४०२४३ फ्याक्स ४२४००५९
इमेल : chautari@mos.com.np
वेवसाइट : http://www.martinchautari.org.np